# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असार १ गते २०४४ साल (संख्या ९

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना।

विशेष अदालत ऐन, २०३१ को दफा ५ को उपदफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १८ को उपदफा (१) अन्तर्गत चल्ने वागमती अञ्चलभित्रको उजूरी (मुद्दा) को कारवाही र किनारा गर्ने प्रयोजनको निमित्त वागमती विशेष अदालतलाई सुम्पिएको तथा तोकिएको छ।

साथै सो ऐन अन्तर्गतको वागमती अञ्चलभित्रका सम्बन्धित जिल्ला अदालतमा दायर रहेको उजूरी (मुद्दा) हरू जिल्ला अदालतहरूबाट झिकी कारवाही र किनारा गर्न यसै वागमती विशेष अदालतलाई सुम्पिएको छ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

206